# बराहताल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुनाथरी सुर्खेत
### कर्णाली प्रदेश, नेपाल

## सिलबन्दी बोलपत्र आब्हान सम्बन्धी सुचना

### (प्रथम पटक प्रकाशित मिति २०७५।१२।०३)

**बराहताल गाउँपालिका** कार्यालय **सुर्खेत**बाट तपशिल वमोजिमका **सामानहरु खरिद** गराउनु पर्ने भएको हुंदा नेपाल सरकारवाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुवाट देहायको शर्तहरुको अधिनमा रही तोकिएको समय भित्र रितपूर्वकको सिलवन्दी वोलपत्र आह्वान गरिएको छ।

१. वोलपत्र प्रथम पटक प्रकाशित मितिले ३० औं दिन भित्र कार्यालय समयमा नविकरण भएको इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, नगरपालिका क्षेत्र भित्रका व्यवशायी भए न.पा.मा व्यवसाय दर्ता गरेको प्रमाण पत्र, आ.व.२०७४/०७५ सम्म कर चुक्ता प्रमाण - पत्र ,अन्य ठेक्का सम्वन्धि कागजात सहितको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि निवेदनका साथ तपशिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) बुझाई यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारीक प्रतिनिधि पठाई निवेदन दिई वोलपत्र खरिद गर्न सकिनेछ।

२. वोलपत्रको प्रत्येक पानामा सहिछाप गरी देहाय वमोजिमको कार्यको लागि नियमानुसारको धरौटी रकम सिलवन्दी वोलपत्र साथ कम्तिमा ४ महिना (१२० दिन) म्याद भएको जमानी पत्र (विड वण्ड) वा यस कार्यालयको नाममा **नबिल बैंक बराहताल शाखा सुर्खेतमा रहेको धरौटी खाता नं 6901075000 37 मा जम्मा गरेको सक्कल भौचर लिइ** सिलवन्दी वोलपत्रका साथ संलग्न राखि यस कार्यालयमा दर्ता गर्नु पर्नेछ। यसरी सहभागी हुने बोलपत्रदाताहरुले तोकिएको वोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको र **नबिल बैंक बराहताल शाखा सुर्खेतमा रहेको राजश्व खाता नं 690107500041 मा जम्मा गरेको सक्कल भौचर लिइ** पेश गर्नुपर्ने छ। सिलवन्दी वोलपत्र स्वीकृत भएपछि आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम तथा १५ प्रतिशत भन्द वढि घटेकोमा घटी कवोल अंक को ५० प्रतिशत मा ५ प्रतिशत थप गरी सोही धरौटी खातामा जम्मा गरेको बैंङ्ग भौचर पेश गर्नु पर्नेछ।

३. प्रथम पटक सूचना प्रकाशित मितिले ३१ औं दिन दिनको १२.०० वजे भित्र यस कार्यालयमा सिलवन्दी वोलपत्र दर्ता गर्नु पर्ने छ। वोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ।

४. दर्ता भएको वोलपत्र ३१ औं दिन दिनको २.०० वजे यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। वोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।

५. दररेट पेश गर्दा प्रत्येक आईटममा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

६. रित नपुगेका, म्याद नाघि आएको वा अन्य कुनै शर्त राखिएको वोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. संयूक्त उपक्रम (Joint Venture) को रुपमा वोलपत्र खरिद वा दाखिला गर्दा वढिमा ३ वटा फर्महरुको एउटा संयूक्त उपक्रम वनाई वोलपत्र खरिद वा दाखिला गर्न सकिने छ। तर यस्तो संयूक्त उपक्रममा सवै फर्महरुको प्रमाण-पत्र सहित शेयर खुलेको संयुक्त लगानी सम्वन्धि सक्कलै सम्झौता वोलपत्र साथ पेश गर्नुपर्नेछ। यसरी संयूक्त उपक्रममा समावेश भएका साझेदारहरुको हिस्सा कम्तिमा २५ प्रतिशत हुनुपर्नेछ र मुख्य साझेदारको हिस्सा ४० प्रतिशत वा सो भन्दा वढि हुनुपर्नेछ र संयूक्त उपक्रममा समावेश भएका फर्महरुले अर्को छुट्टै वोलपत्र खरिद र दाखिला गर्न पाईने छैन।

८. जुन फर्मको नामवाट वोलपत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र वोलपत्र दाखिला गर्न पाईने छ।

९. वोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस **बराहताल गाउँपालिका** कार्यालयमा निहित रहनेछ।

१०. यसमा भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, शंसोधन सहित र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ।

११. अन्य कुरा बुझ्नु परेमा यस **गाउँपालिका** कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरी **वा गाउँपालिका को** website: www.barahatalmun.gov.np **मा** बुझ्न सकिने छ।

| क.स. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट वाहेक) | वोलपत्र फाराम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|
| **1** | **BRM/Goods/02/2075-076** | **Procurement & Supply of Pre-cast RC NP3 Class Hume Pipe(NS80-2059)** | **3,300,097.80** | **3,000** | **99,000** |
| **2** | **BRM/Goods/03/2075-076** | **Procurement & supply of the 26 Gauge C.G.I Sheet 57 kg Medium Class(0.37mm thickness )** | **2,169,843.00** | **3,000** | **65,000** |

प्रमुख प्रशासकिय अधिकृत
**बराहताल गाउँपालिका** कार्यापालिको कार्यालय, **सुर्खेत**